# शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

**केन्द्रिय कार्यालय** : शिखर बिज सेन्टर (पाचौं, छैटौं र सातौं तल्ला), थापाथली, पो.ब. नं. १०६९२, काठमाण्डौ, ।
फोन नं.: ४२४६१०१, ४२४६१०२, ४२४६१०७; फ्याक्स: ४२४६१०३; email : shikharins@mos.com.np


## व्यक्तिगत दुर्घटना लघु बीमालेख

(लघु बीमा निर्देशिका बमोजिम)

यस बीमालेखको अनुसुचीमा नाम उल्लिखित बीमितले **शिखर इन्स्योरेन्स कम्पनी लि**. (यस पछि बीमक भनिएको) समक्ष बीमाको लागि लिखित प्रस्ताव गरेको र सो को लागि बीमाशुल्क भुक्तान गरेकोले, यस बीमालेखमा उल्लेख गरिएका शर्त, अपवाद, परिभाषा तथा अवस्था सम्मको अधिनमा रही बीमकले बीमितलाई देहायमा उल्लेख गरिए बमोजिमको रकम भुक्तानी दिनेछ:

यदि यस बीमालेख बहाल रहेको अवधिभर कुनै पनि समयमा बीमितलाई कुनै प्रवल, बाहिरी तथा देख्न सकिने माध्यमबाट हुनगएको दुर्घटनाको एकमात्र वा प्रत्यक्ष कारणबाट कुनै शारीरिक क्षति हुन गएमा बीमकले बीमित वा निजले इच्छाएको व्यक्ति वा निजको नजिकको कानुनी हकदारलाई देहाय बमोजिमको *सुविधाहरु* यस बीमालेखको अनुसूचीमा उल्लेखित सुविधाहरुको अधिनमा रही देहाय बमोजिम भुक्तानी दिनेछ:

| खण्ड | लाभको तालिका | |
|---|---|---|
| (क) | चोट पटक लागेको १८३ दिन भित्र बीमित व्यक्तिको मृत्यु भएमा | बीमाङ्क रकमको १०० प्रतिशत |
| (ख) | दुवै आँखाको दृश्य शक्ति वा दुवै हातहरु वा दुवै खुट्टाहरुको पुर्ण र अपुरणीय क्षति भएमा | बीमाङ्क रकमको १०० प्रतिशत |
| (ग) | एउटा हात वा एउटा खुट्टा वा एउटा आँखाको दृश्य शक्तिको पुर्ण र अपुरणीय क्षति भएमा | बीमाङ्क रकमको ५० प्रतिशत |
| (घ) | स्थायी रुपमा आशिक शरीर बिच्छेद वा अशक्तता भएमा सम्बन्धित चिकित्सकले निर्धारण गरेको अशक्तताको अवस्थाको आधारमा रकम भुक्तानी गरिनेछ | |

द्रष्टव्य: माथि उल्लेखित खण्ड (ख) र (ग) को प्रयोजनको हकमा एक हात वा खुट्टाको भौतिक बिच्छेद (Physical Separation) भन्नाले हातको हकमा नाडी वा सो भन्दा माथी र खुट्टाको हकमा गोली गाँठो ( Ankle) वा सो भन्दा माथिको भागको बिच्छेद सम्झनु पर्दछ ।

| | |
|---|---|
| (ङ) | दुर्घटनाको कारण औषधोपचार गराउनु परेमा बीमाङ्क रकमको २५% मा नबढने गरी बास्तविक र आवश्यक रुपले भएको औषधोपचार खर्च (दुर्घटनाको कारणबाट गनुपर्ने उपचार खर्च मात्र) |

**बीमितको उमेर** : १६ वर्ष देखि ७० वर्षको

**बीमाङ्क रकम** : अधिकतम ३,००,०००।-

### अपवाद

देहायका अवस्थाहरुमा यस बीमालेख अन्तर्गत बीमा दावी लाग्ने छैन :

१) एक भन्दा बढी सुविधाहरुमा दावी परेको अवस्थामा बीमा दावी बीमाङ्क रकम भन्दा बढी हुने छैन
२) जानी जानी आफै गराएको चोट, स्वघात, आत्महत्या वा आत्महत्याको प्रयास
३) मादक पेय वा लागु पदार्थ वा औषधि वा उन्मादक पदार्थ सेवनको कारणबाट हुन गएको चोटपटक वा रोग
४) जोखिमपूर्ण खेलको कारणबाट हुन गएको चोटपटक वा रोग
५) बीमितले आपराधिक मनसायबाट कुनै कानुन उल्लघन गर्दा उत्पन्न भएको वा सो को परिणाम
६) युद्ध, गृह युद्ध, सैनिक बिद्रोह, क्रान्ति, नागरिक उपद्रवको कारणबाट हुन गएको चोटपटक वा रोग
७) प्रसुति वा गर्भधारणको कारणबाट हुनगएको मृत्यु वा अशक्तता
८) आणबिक हतियार, रेडियो धर्मिता आदिको कारणबाट हुन गएको चोटपटक वा रोग ।

**दावी प्रयोजनको लागी सम्पर्क : शिखर इन्स्योरेन्स कम्पनी ली ०१-४२४६१०१, ०१-४२४६१०२**